## सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्बजनिक गरिएको सूचना विवरण

(१) **निकायको स्वरुप र प्रकृति** : "क" वर्गको वाणिज्य बैंक ।

(२) **निकायको काम, कर्तव्य र अधिकार** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम

(३) **निकायमा रहने कर्मचारी संख्या र विवरण** : कार्यरत कुल कर्मचारी संख्या २५९८ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । बैंकको व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुको नाम बैंकको वेभसाइट www.rbb.com.np मा उपलब्ध छ ।

(४) **निकायवाट प्रदान गरिने सेवा** : बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : सेवा प्रदान गर्ने निकायको शाखा संख्या २९४ र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाइट www.rbb.com.np मा राखिएको छ ।

(६) **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अविधि** : बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि सबै शाखा कार्यालयहरुमा रहेको नागरिक वडापत्रमा उल्लेख गरिएको छ ।

(७) **निर्णय गर्ने प्रकृया र अधिकारी** : बैंकको सर्वोच्च निकायको रुपमा संचालक समिति रहेको छ । संचालक समितिको निति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ भने कार्य प्रकृति अनुसार तहगत रुपमा निर्णय गर्ने व्यवस्था रहेको छ।

(८) **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि बैंकको केन्द्रीय स्तरमा बैंकको प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा केन्द्रीय कार्यालय स्तरीय गुनासो सुनुवाई समिति रहेको र ब्राञ्च अपरेशन विभागका प्रवन्धक वेद प्रसाद खनाललाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकिएको छ, प्रादेशिक कार्यालयमा प्रादेशिक उप प्रवन्धक तथा शाखा कार्यालयहरुमा सहायक शाखा प्रवन्धकलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । बैंक सम्वन्धी कुनै गुनासो भएमा टेलिफोन, चिठपित्र, अनलाईन पोर्टलबाट र इमेल gunaso@rbb.com.np मार्फत पठाउन सकिने व्यवस्था मिलाईएको छ ।

(९) **सम्पादन गरेको कामको विवरण**: बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ वमोजिम "क" वर्गका बैकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भइरहेको छ।

**(१०) सूचना अधिकारीको नाम र पदः**

सूचना अधिकारी : पवन रेग्मी

पदः उप कार्यकारी अधिकृत

राष्ट्रिय वाणिज्य बैंक लि.,केन्द्रीय कार्यालय सिंहदरवारप्लाजा, काठमाण्डौं ।

फोन नं. ०१-५७२१२२० एक्टेन्स्न २४१७, इमेलः informationoffice@rbb.com.np

साथै यस बैंकका सबै शाखा कार्यालयहरुमा सम्बन्धित सहायक शाखा प्रवन्धकहरुलाई शाखा कार्यालय स्तरीय सूचना अधिकारीको रुपमा तोकिएको छ ।

**(११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशनहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय वमोजिमका ऐन नियम, विनियम, कार्यविधि र निर्देशिकाहरु बैकिङ्ग कार्यमा प्रमुख रुपमा रहेका छन् ।

| | |
|---|---|
| १. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ | ८.सुरक्षित कारोवार ऐन - २०६३ |
| २. नेपाल राष्ट्र बैंक ऐन-२०५८ | ९.करार ऐन २०५६ |
| ३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन - २०५८ | १०.विनीमय अधिकारपत्र ऐन, २०३४ |
| ४. कम्पनी ऐन २०६३ | ११.विदेशी विनिमय (नियमित गर्ने) ऐन - २०१९ |
| ५. बैंकिङ्ग कसूर तथा सजाय ऐन - २०६४ | १२.नेपाल राष्ट्र बैंकवाट जारी हुने निर्देशिका तथा निर्देशनहरु |
| ६. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ | १३.बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका कार्यविधि तथा नितिगत ब्यवस्थाहरु |
| ७. धितोपत्र सम्वन्धी ऐन - २०६३ | |

**(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको -पत्र पत्रिकामा प्रकाशित हुदै अएको छ र बैंकको वेभसाइट www.rbb.com.np मा समेत रहेको छ ।

**(१३) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

प्रमुख कार्यकारी अधिकृत : देवेन्द्र रमण खनाल

राष्ट्रिय वाणिज्य बैंक लि.

केन्द्रीय कार्यालय सिंहदरवारप्लाजा, काठमाण्डौं ।

फोन नं. : ०१-५७२१२२० एक्टेन्स्न २८१४, २८१५, इमेलः devendra.khanal@rbb.com.np

**(१४) अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :** यस बैंकले बैंकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**(१५) सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण:**

Website: www.rbb.com.np

**(१६) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचना र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।

सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

**(१७) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण :**

बैंकको वित्तीय विवरणहरु बैंकको वेभसाइटमा तथा राष्ट्रिय स्तरको पत्र-पत्रिकामा त्रैमासिक रुपमा प्रकाशित गर्ने गरिएको छ। साथै, अन्य विभिन्न विषयमा जानकारी तथा तथ्यांकहरु बैंकको वेभसाइट www.rbb.com.np मा राखिएको छ ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

सिंहदरवार प्लाजा,काठमाण्डौ ।

फोन :०१-५७२१२२०

फ्याक्स नं : ४२२२९३१

इमेल : rbb.info@rbb.com.np

Website: www.rbb.com.np